# चौतारा साँगाचोकगढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चौतारा, सिन्धुपाल्चोक

३ नं. प्रदेश, नेपाल

प.सं. :- ०७४/७५
च.नं. :- ८६०

मिति : २०७५।०२।१५

श्री वडा कार्यालय (सबै)
चौतारा साँगाचोकगढी नगरपालिका
चौतारा, सिन्धुपाल्चोक ।

**विषय :- एकीकृत सम्पत्तिकरको कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत बिषयमा यस चौतारा साँगाचोकगढी नगरकार्यपालिकाको मिति २०७५।०२।०६ मा एकीकृत सम्पत्ति करलाई कार्यान्वयनमा लैजाने विषयमा देहाय बमोजिम निर्णय भएको हुँदा निर्णयलाई यथासिघ्र कार्यान्वयनको व्यवस्था मिलाई २०७५ श्रावण १ गते देखि यस नगरपालिकामा एकीकृत सम्पत्तिकर लागू गर्नको लागि एकीकृत सम्पत्तिको लागत संकलनमा आवश्यक सहयोग गरी दिनुहुनको लागि नगरपालिकाको मिति २०७५।०२।०६ को निर्णयनुसार अनुरोध छ ।

## तपसिल

एकीकृत सम्पत्ति कर लाई आ.व.०७५/०७६ को श्रावण १ गते देखि नै लागु गर्नु पर्ने स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ मा ब्यवस्था भए अनुसार कार्यपालिकाका बैठकबाट एकिकृत सम्पत्तिकर संचालन कार्यविधि २०७५, आजैको कार्यपालिकाको बैठकबाट पारित भएको हुँदा यसको तयारी गरि श्रावण १ गते देखि कार्यन्वयनमा ल्याउनको लागि देहाय बमोजीम गरिने निणर्य गरियो ।

(क) एकिकृत सम्पत्तिकरको दर निर्धारण, सम्पत्ति मुल्याङ्कन, सफ्टवेयर विकास घरदैलो तथ्याङ्क संकलन लगायतका संलग्न पक्षहरुमा सवै वडा अध्यक्ष, नगर कार्यपालिका सदस्य, वडा सचिव, नगरपालिका राजश्व शाखाका सवैकर्मचारीहरुलाई अनुक्षिण कार्यक्रम २०७५ जेष्ठ महिना भित्र संचालन गर्ने ।

(ख) सवै वडाकार्यालयहरुले आफ्नो वडा भित्रका सवै घरधुरीको एकिकृत सम्पत्तिकर व्यवस्थापन कार्यविधि, २०७५ मा व्यवस्था भए वमोजीम घर जग्गा तथा सम्पत्ति मुल्याङ्कनको लागि सो कार्यविधीको दफामा व्यवस्था भएबमोजिम तथ्याङ्क संकलनका लागि गणक टोली पठाउने । यसरी तोकीएको फाराम सम्बन्धित घर तथा जग्गा धनिबाट विवरण भराय वापत देहाए वमोजीमको पारिश्रमीक पाउने । तथ्याङ्क संकलन गर्ने गणकहरुको वडा कार्यालयले करार सम्झौता गरि खटाउने र संकलित तथ्याङ्कलाई कम्प्यूटर ईन्ट्रि गर्नकालागि नगर कार्यपालिकाको कार्यालयले सम्झौता गरि सेवा काररमा लिई काममा लगाउने ।

(अ) घर धुरी अनुसारको घरजग्गा तथा सम्पत्ति तथ्याङ्क संकलनको लागि प्रति घरधुरी रु ५० र कम्प्युटरमा तथ्याङ्क ईन्ट्रि गरेवापत प्रति फारम (घर धुरीको) रु १० पारिश्रमीक पाउने । गणकको लागि खटाईने करारको कर्मचारीलाई १ थान झोला, १ थान छाता, तथ्याङ्क संकलन फाराम, डटपेन, कपि, नगरपालिकाको कार्यालयले उपलब्ध गराउने छ । वडा बाट गणक खटाउने ४०० घर धुरी बरावर १ जना गणकको दरले वढिमा ३ जना खटाउनु पर्ने छ । गणकहरुलाई सम्वन्धित वडा कार्यालयले करारमा लिने निणय भएपछि नगरपालिकाको कार्यालयले अभिमुखिकरण तालिम दिनेछ ।

क्रमस..

# चौतारा साँगाचोकगढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

चौतारा, सिन्धुपाल्चोक

३ नं. प्रदेश, नेपाल

**प.सं. :- ०७४/७५**
**च.नं. :-**

(आ) एकिकृत सम्पित्ति कर को लागि आवश्कपर्ने सफ्टवेयरको खरिद फारमहरुको विकास तथा छपाई आवश्यक भौतिक पुर्वाधार तथा जनशत्ति व्यवस्थापन नगर कार्यपालिकाको कार्यालयले आवश्यक व्यवस्था मिलाउने ।

(ई) एकिकृत सम्पत्ति करको माथि (अ) र (आ) मा उल्लेख भए वमोजीमको कार्य गर्नका लागि आवश्यक पर्ने बजेट तथा कार्यक्रम आगामी बैठकमा प्रस्ताव गरि पेश गर्ने ।

(ग) एकिकृत सम्पित्ती करको लागि तथ्याङ्क संकलनको लागि खटि आउने गणकहरुलाई घर जग्गा तथा सम्पत्तिको यथार्थ विवरण उपलब्ध गराई सहयोग गर्न सवै नगरवासिलाई स्थानीय एफ.एम. तथा पत्र पत्रिका मार्फत अनुरोध गर्ने र यस्तो तथ्याङ्क सम्पत्तिकर निर्धारण वाहेक अन्य विषयमा प्रयोग गरिने छैन भन्ने बारेमा नगर बासिलाई जानकारी गराउने ।

(घ) एकिकृत सम्पत्ति करको तथ्याङ्क संकलन प्रसोधन र कम्प्यूटर ईन्ट्रि गरि स्वीकृत विवरण तयार गर्नका लागि सूचना प्रविधि अधिकृत रोशन घिमिरेलाई संयोजक र ना.सु. सोभा रिजाल लाई सदस्य तोक्ने निर्णय गरियो ।

.................................
**(इन्द्र प्रसाद बस्याल)**
**प्रमुख प्रशासकिय अधिकृत**

**<u>बोधार्थ</u>**
**श्री प्रमुख ज्यु , चौतारा सागाचोकगढी नगरपालिका : अवगातार्थ अनुरोध छ।**